**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ दिसम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. कृतज्ञ राष्ट्रले आज पूर्व प्रधानमंत्री अटल बिहारी बाजपेयीको १०१ औं जन्म जयन्ती पाल गरिरहेको छ।यस अवसरमा प्रधानमंत्री नरेन्द्र मोदीले आज लखनउमा उहाँको स्मृतिमा राष्ट्र प्रेरणा स्थलको उद्घाटन गर्नुहुनेछ।

२. बंगलादेशको ढ़ाकामा भएको विस्फोटमा एकजनाको मृत्यु भएको छ। देशमा हिन्सक घटना जारी। बंगलादेश नेशनलिष्ट पार्टीका कार्यवाहक अध्यक्ष  तारिक रहमान आज स्वदेश फर्किन्दैछ। अमेरिकी सांसदहरूले निर्वासित शेख हसीनाको अवामी लीग माथि प्रतिबन्ध हटाउन भनेका छन्।

३. आज देश विदेशमा क्रिसमस पालन गरिन्दैछ।

४. भारतीय पुरूष हकीका उपकप्तान हार्दिक सिंहलाई प्रतिष्ठित मेजर ध्यानचन्द खेल रत्न पुरस्कार प्रदान गरिनेछ।

**प्रधानमन्त्री- लखनउ**

प्रधानमन्त्री अटल विहारी बाजपेयीको १०१ औं जन्मजयन्तीका अवसरमा  प्रधानमन्त्री नरेन्द्र मोदी  लखनउ जानु हुने छ। प्रधानमन्त्रीले अपराह्न २ बजेर ३० मिनटमा श्री अटल बिहारी बाजपयीलाई समर्पित राष्ट्र प्रेरणा स्थलको  उद्धाटन गर्नुहुनेछ र सभालाई सम्बोधन गर्नुहुनेछ। स्वतन्त्र भारतका महान व्यक्तित्वहरूको गौरवशाली विरासतलाई श्रद्धांजलि अर्पण गर्ने प्रधान मन्त्री मोदीको संकल्पको अनुरूप निर्मित, राष्ट्र प्रेरणा स्थल  महान राजनेताको जीवन र आदर्शको लागि एक श्रद्धांजलि हुनेछ जसको नेतृत्वले देशको लोकतान्त्रिक, राजनीतिक र विकास यात्रामा गहिरो छाप छोडेको छ।

**अटल स्मृति न्यास समाज**

पूर्व उपाध्यक्ष एम. वेंकैया नायडू नयाँ दिल्लीस्थित अटल स्मृति न्यास समाजको अध्यक्षमा निर्वाचित  हुनु भएको छ। समाजका संस्थापक सदस्य राम बहादुर राईले प्रधानमन्त्री नरेन्द्र मोदी लगायत अन्य सदस्यहरूसँग परामर्श गरेपछि पदका लागि श्री नायडूको नाम प्रस्ताव  गर्नु भएको हो।

श्री नायडू हालै निधन भएका विजय कुमार मल्होत्राको उत्तराधिकारी बन्नु हुनेछ। अध्यक्षको रूपमा, श्री नायडूले अब समाजको मामिला व्यवस्थापन गर्न गभर्निङ बडी र कार्यकारी समिति गठन गर्नुहुनेछ।

**बंगलादेश - तारिक रहमान**

बंगलादेश राष्ट्रवादी पार्टी (बीएनपी) का कार्यवाहक अध्यक्ष तारिक रहमान १७ वर्षको निर्वासन पछि आज ढाका फर्कदै हुनुहुन्छ। श्री रहमान लन्डनको हिथ्रो विमानस्थलबाट विमान बंगलादेश एयरलाइन्सको उडानबाट प्रस्थान गर्नुभएको छ। उहाँसँगै उनकी श्रीमती जुबेदा रहमान र छोरी जैमा रहमान पनि हुनुहुन्छ। बीएनपीको स्थायी समितिका सदस्य सलाहुद्दीन अहमदले ढाकामा आयोजित पत्रकार सम्मेलनमा तारिक रहमानले ढाका आइपुगेपछि पार्टी समर्थकहरूलाई सम्बोधन गर्ने बताए। उहाँले ढाकाको अस्पतालमा उपचाररत आफ्नी आमा र पार्टी अध्यक्ष खालिदा जियालाई पनि भेट्नुहुनेछ भनी स्थानीय मिडियाले रिपोर्ट गरेको छ। श्री रहमानले बंगलादेशमा दर्ता भएका मतदाता बन्न औपचारिकताहरू पनि पूरा गर्नेछन्। निर्वाचन आयोगले अर्को वर्ष

फेब्रुअरी १२ मा संसदीय चुनावको घोषणा गरेको बेला उनको फिर्ती आएको हो।

**विदेश मन्त्रालय - थाइल्याण्ड-कम्बोडिया**

परराष्ट्र मन्त्रालयले देवताहरूको मूर्ति नष्ट गर्ने जस्ता बर्बर घटनाहरू हुनुहुँदैन भनी बताएको छ। यस्ता घटनाहरूले विश्वभरका भक्तहरूको भावनामा चोट पुऱ्याउँछन्। थाइल्याण्ड-कम्बोडिया सीमा विवाद क्षेत्रमा हिन्दू देवताहरूको मूर्ति नष्ट गरिएको बारेमा मिडियाको प्रश्नको जवाफ दिँदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले यस क्षेत्रका मानिसहरूले हिन्दू र बौद्ध देवताहरूलाई साझा सभ्यताको सम्पदाको रूपमा पूजा गर्ने बताए। उनले दुवै पक्षलाई संवाद र कूटनीतिक प्रयासहरू मार्फत शान्ति पुनर्स्थापित गर्न आग्रह गरे।

**दिल्ली विस्फोट अदालत**

दिल्लीको एक अदालतले लाल किल्ला विस्फोट प्रकरणका सात अभियुक्तहरूको न्यायिक हिरासत १५ दिन बढाएको छ। अब उनीहरूलाई ८ जनवरी  सम्म हिरासतमा राखिनेछ। डा. आदिल राथेर, डा. मुजम्मिल गनाई, डा. शाहीन सईद, मौलवी इरफान अहमद वागे, जसिर बिलाल वानी, अमिर रशीद अली र सोयाबलाई हिज पटियाला हाउस अदालतमा पेश गरिएको थियो।  १२ डिसेम्बरमा, तीन अभियुक्त डाक्टरहरू र मौलवी इरफान अहमद वागेलाई १२ दिनको न्यायिक हिरासतमा पठाइएको थियो।  १०डिसेम्बरमा, अली र वानीलाई १४ दिनको न्यायिक हिरासतमा पठाउन आदेश दिइएको थियो भने १९ डिसेम्बरमा, सोयाबलाई ५ दिनको न्यायिक हिरासतमा पठाउन आदेश दिइएको थियो।

**क्रिसमस**

आज विश्वभरी क्रिसमस मनाइँदैछ। विश्वभरीका क्रिश्चियनहरूले येशू ख्रीष्टको जन्मोत्सव मनाउन क्रिसमस मनाउँछन्। यस अवसरमा मानिसहरूले क्रिसमस ट्री, उज्यालो कागजको तारा, होलीको माला लगाएर र उपहार आदानप्रदान गरेर आफ्नो घर सजाउँछन्। सबै सम्प्रदायका चर्चहरूले विशेष क्रिसमस सेवा र कार्यक्रमहरू आयोजना गरिरहेका छन्।
पोप लियो चौधौंले यस वर्ष  मई महिनामा निर्वाचित भएपछि पहिलो पटक क्रिसमस उत्सवको अध्यक्षता गर्दै हुनुहुन्छ। आज, पोपले क्रिसमस डे मास मनाउनु हुनेछ ।

**जयन्त आई कौशल**

सीप विकास तथा उद्यमशीलतामन्त्री जयन्त चौधरीले  तालीम प्रणालीलाई विश्वस्तरको मागअनुसार बनाउन सरकार, उद्योग, शिक्षा र तालीम संस्थाबीच कृत्रिम बौद्धिकताको क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिनु भएको छ। नयाँ दिल्लीमा कौशल विकाससम्बन्धी बैठकको अध्यक्षता गर्नुहुदै श्री चौधरीले भन्नुभयो, शिक्षा, व्यावसायिक प्रशिक्षण र श्रमशक्तिमा कृत्रिम बुद्धिमत्ता कौशल विकासको माध्यमबाट सरकारले विकसित भारतलाई कृत्रिम बुद्धिमत्तामा सक्षम वैश्विक अर्थतन्त्रको रूपमा स्थापित गर्ने जग बसालिरहेको छ।

सीप विकास तथा उद्यमशीलता मन्त्रालयले छलफलका क्रममा जनशक्तिको निरन्तर सीप विकासको महत्वमाथि प्रकाश पारिएको जानकारी दिएको छ । स्वास्थ्य, उत्पादन, सेवा  र सुशासनमा अनुसन्धान र इन्जिनियरिङदेखि क्षेत्र विशिष्ट अनुप्रयोगहरूमा प्रतिभा विकासमा जोड  दिइएको थियो।

**हार्दिक सिंह - खेल रत्न**

पुरुष हक्की टोलीका उपकप्तान तथा दुई पटकका ओलम्पिक पदक विजेता हार्दिक सिंहलाई प्रतिष्ठित मेजर ध्यानचन्द खेल रत्न पुरस्कारको लागि मनोनयन गरिएको छ। भारतीय ओलम्पिक संघका उपाध्यक्ष गगन नारंग, पूर्व हक्की खेलाडी एम.एम. सोमय्या र पूर्व ब्याडमिन्टन खेलाडी अपर्णा पोपट सम्मिलित छनोट समितिले मनोनयनलाई अन्तिम रूप दिएको हो।

योग सहभागी आरती पाल सहित २४ खेलाडीलाई अर्जुन पुरस्कारको लागि मनोनयन गरिएको छ। राइफल शूटर मेहुली घोष, जिम्नास्ट प्रणति नायक र भारतकी शीर्ष श्रेणीकी महिला ब्याडमिन्टन जोडी ट्रीसा जोली र गायत्री गोपीचन्द पनि मनोनयनमा परेका छन्।

****** ० ******